नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)**

सिंहदरबार,
काठमाण्डौ, नेपाल।

पत्रसंख्याः ०७८/७९

सा.स.सा.सु च.नं. ६२

मितिः २०७८।०८।०१

श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक ललितपुर।
श्री राष्ट्रिय **किताबखाना(निजामती), हरिहरभवन ललितपुर।**
श्री राष्ट्रिय **किताबखाना(प्रहरी),** काठमाण्डौ।
श्री राष्ट्रिय **किताबखाना(शिक्षक),** काठमाण्डौ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर।
श्री निजामती कर्मचारी अस्पताल, मिनभवन काठमाण्डौ।
श्री महाशाखा सबै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

विषयः **आवश्यक समन्वय सम्वन्धमा।**

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पत्र संख्या ०७८/०७९, च.नं.३९, मिति २०७८।०७।२५ को लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउन आह्वान गरिएको पत्र यसैसाथ संलग्न छ। उक्त अभियान सफल बनाउनको लागि आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नुहुन आदेशानुसार अनुरोध छ।

बन्दना कुमारी के.सी.
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः सबै विभागलाई ईमेल गरिदिनुहुन र मन्त्रालयको वेवसाईटमा समेत राखिदिनुहुन ।

४६३३
६।२९

५८-सि-मु-२१८

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६५
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या : ०७८।०७९
चलानी नं.: ३८

मिति:२०७८/०७/२५

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २०८०
दर्ता मिति:- ८।२८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(संघीय मामिला महाशाखा)
सिंहदरबार, काठमाडौं ।

विषय :- **लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउन आह्वान गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० तारिकसम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विभिन्न कार्यक्रम गरी लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान विश्वभर मनाउने गरिएको विषय विदितै छ । नेपालमा पनि विगत वर्षदेखि नै उक्त अवधिमा विभिन्न सचेतनामूलक, अभियानमूलक कार्यक्रमहरु सञ्चालन गरी लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान दिवस मनाउने गरिएको छ ।

यस सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/७/२९ गतेको निर्णयानुसार नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सामाजिक सचेतना सहित लैंगिक हिंसा विरुद्धको अभियान सञ्चालन गर्न संघ, प्रदेश तथा स्थानीय तह लगायत सरोकारवाला निकायहरु, विद्यालय, संघ, संस्थालाई आव्हान गर्ने, प्रत्येक वर्ष नोभेम्बर २५ तारिकलाई महिला हिंसा विरुद्धको अभियान दिवसको रुपमा मनाउदै आइरहको व्यहोरा अवगत नै छ ।

यस वर्ष पनि नाभेम्बर २५ देखि डिसेम्बर १० तारिक (तदनुसार २०७८ मंसीर ९ देखि मंसीर २४ गते ) सम्म मनाइने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अन्तर्राष्ट्रिय नारा **"Orange the world:End Violence against women now!"** आधारमा तय भएको **"घरैबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं"** भन्ने राष्ट्रिय नाराका साथ उक्त अभियान मनाउन सबै स्थानीय तह तथा विभिन्न सरोकारवाला संघ संस्थालाई आ-आफ्नो तर्फबाट साझा प्रतिबद्धता तथा ऐक्यवद्धता जनाउन आव्हान गर्ने नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७८/०७/२५ मा निर्णय भएकोले सचेतनामूलक तथा अभियानमूलक विभिन्न कार्यक्रमहरु सञ्चालन गरी अभियान सफल बनाउने सम्बन्धमा आवश्यक सहयोग,समन्वय र सहजिकरण गरिदिनुहुन सादर अनुरोध छ ।

(समता विष्ट)
प्र.म.वि.अ.

१०/११/५८
६।२८

शा.अ. श्री बन्दना के.सी.
सबै स्थानीय तह, जि.स.स. र
मन्त्रालय मातहतका महाशाखा लगायत
निकायमा परिपत्र गर्ने।
२०७८/०८/२८

**"घरैबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं"**
email:gbvps@mowcsc.gov.np